नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(........................................ शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ

# प्रेस विज्ञप्ति

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८० सङ्घीय संसदबाट पारित मिति २०८०।१२।३० मा भई नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम राष्ट्रपतिबाट प्रमाणीकरण भई लागू भएको छ। मुलुकको आर्थिक तथा वित्तीय प्रणालीको स्थायित्व कायम गर्न, व्यावसायिक वातावरण प्रवर्द्धन गरी मुलुकमा वित्तीय पारदर्शिता, लगानीयोग्य वातावरण र सुशासन कायम गर्न थप सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तुत ऐनले देहायका उन्नाइस वटा ऐनलाई संशोधन गरेको छ।

प्रस्तुत ऐनबाट संशोधन गरिएका व्यवस्थाको सफल कार्यान्वयनबाट नेपालमा वित्तीय अपराध न्यूनीकरण गरी मुलुकको समृद्धि, सुशासन र अन्तर्राष्ट्रिय साखमा अभिवृद्धि हुने तथा निजी क्षेत्र र विदेशी लगानीकर्ताको विश्वासमा समेत अभिवृद्धि हुने अपेक्षा गरिएको छ। संशोधित ऐन र त्यसमा गरिएका मुख्य मुख्य व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:-

| क्र.सं | ऐनले संशोधन गरेका मूल ऐनहरु | संशोधनका मुख्य विषयहरु |
|---|---|---|
| १ | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ | अन्तर्राष्ट्रिय व्यापारमा पारदर्शिता कायम राख्नको लागि अन्तरदेशीय निकायसँग समन्वय तथा सम्पर्क स्थापित गरी सीमापार व्यापार व्यवसायका सम्बन्धमा सूचना आदानप्रदान गर्न तथा अन्य मुलुकसँग हुने व्यापारमा मालसामानको अधिक वा न्यून बीजकीकरण भए नभएको विषयको सम्बन्धमा नेपाल सरकारले वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिवको अध्यक्षतामा व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको गठन गर्ने विषय समावेश गरिएको। |
| २ | पानी जहाज दर्ता ऐन, २०२७ | पानी जहाजलाई अनधिकृत कब्जामा लिने, त्यसमा रहेका मालसामान लुट्ने वा क्षति पुऱ्याउने कार्य गरी सामुद्रिक डकैती (पाइरेसी) गर्ने र त्यसरी लुटिएको सामान जानीजानी खरिद बिक्री र प्रयोग गर्नेलाई कसूर कायम गरी कैद र बिगो बमोजिम जरिवाना गर्ने व्यवस्था गरिएको। |
| ३ | मालपोत ऐन, २०३४ | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घर जग्गा सम्बन्धी व्यावसायिक कारोबार गर्ने व्यक्तिले इजाजतपत्र लिएर मात्र त्यस्तो कारोबार गर्न सक्ने व्यवस्था गरी इजाजतपत्र |

फोन नं.: ०१-४२११८७२, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np

# प्रेस विज्ञप्ति

| क्र.सं | ऐनले संशोधन गरेका मूल ऐनहरु | संशोधनका मुख्य विषयहरु |
|---|---|---|
| | | नलिई त्यस्तो व्यवसाय गरेमा वा इजाजतपत्रको शर्त उल्लङ्घन गरेमा कारवाही हुने व्यवस्था गरिएको। |
| ४ | पर्यटन ऐन, २०३५ | क्यासिनोको स्थापना, सञ्चालन तथा तत् सम्बन्धी अन्य व्यवस्था क्यासिनो नियमावलीबाट व्यवस्थित भइरहेकोमा क्यासिनो सञ्चालन सम्बन्धी विषय ऐनबाटै नियमन हुन आवश्यक देखिएकोले पर्यटन ऐन, २०३५ मा क्यासिनो सञ्चालन गर्न कम्पनी संस्थापना गर्नु पर्ने विषय तथा इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा एकभन्दा बढी स्थानमा र एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न नपाइने समेतका व्यवस्था प्रस्ताव गरिएको। |
| ५ | भवन ऐन, २०५५ | ईन्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने अत्याधुनिक भवनको डिजाइन तयार गर्दा कम्तीमा पाँच वर्षको र तीन तलाभन्दा बढी वा स्ट्रक्चरल स्पान ४.५ मीटरभन्दा बढी भएका भवनको डिजाइन तयार गर्दा कम्तीमा तीन वर्षको अनुभव प्राप्त डिजाइनकर्ताबाट तयार गर्नु पर्ने व्यवस्था गरिएको। |
| ६ | नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ | सहकारी ऐन, २०७४ मा बचत तथा ऋण सहकारी संस्थाको रुपमा काम गर्ने सहकारीको दर्ता, इजाजतपत्र, नियमन, निरीक्षण र सुपरिवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको मापदण्ड पालना गर्नु पर्ने गरी व्यवस्था गरिएको सन्दर्भमा नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारमा पनि सोही बमोजिमको व्यवस्था गरिएको र वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले राष्ट्र बैङ्कले जारी गरेको आदेश तथा निर्देशनको पालना गर्नु पर्ने। त्यस्तो आदेश तथा निर्देशनको पालना नगरेमा जरिबाना तथा सजाय गर्ने व्यवस्था नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा थप गरिएको। |
| ७ | दामासाही सम्बन्धी ऐन, २०६३ | कम्पनी सञ्चालनको लागि कम्पनीको सम्पत्ति बिक्री गर्दा कम्पनीको जायजेथा वा व्यवसायको बिक्री जस्ता कुनै विशेष कारोबार गर्नु परेमा पचास प्रतिशतभन्दा बढी सम्पत्ति बिक्रीको लागि अदालतमा अनुमतिको लागि निवेदन दिनुभन्दा पहिले साहुहरुको सभा बोलाई निर्णय गराउनु |

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..................................................... शाखा)
सिंहदरबार, काठमाण्डौ

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

| क्र.सं | ऐनले संशोधन गरेका मूल ऐनहरु | संशोधनका मुख्य विषयहरु |
|---|---|---|
| | | पर्ने। अदालतले दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न आदेश दिएमा कम्पनीको दायित्व बढ्ने अनावश्यक सेवा कटौती गर्न सक्ने समेतका विषयहरु समावेश गरिएको। |
| ८ | धितोपत्र सम्बन्धी ऐन, २०६३ | धितोपत्र सम्बन्धी कसूरको मुद्दाको प्रारम्भिक जाँचबुझ धितोपत्र बोर्डबाट हुने र त्यसरी जाँचबुझ गर्दा थप अनुसन्धान गर्न आवश्यक भएको अवस्थामा सङ्कलित विवरण तथा प्रमाण सहितको मिसिल कागजात प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्ने र प्रहरी प्रधान कार्यालयले बोर्डसँगको समन्वयमा अनुसन्धान कार्य अघि बढाउन सक्ने व्यवस्था गरी धितोपत्र सम्बन्धी कसूरको अनुसन्धानलाई प्रभावकारी बनाउने व्यवस्था गरिएको। |
| ९ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ | Migrant smuggling सम्बन्धी विषयलाई वित्तीय कारबाही कार्यदल (एफ.ए.टि.एफ.) को सिफारिसमा अपराधको वर्गमा (designated categories of offences) कसूर कायम गरेको हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने कार्य गरे वा गराएमा मानव बेचबिखन सम्बन्धी कसूर कायम हुने व्यवस्था गरिएको। |
| १० | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्ने निकायको सम्बन्धमा सम्बद्ध कसूरको अनुसन्धान गर्ने निकायबाटै अनुसन्धान हुने गरी समसामयिक व्यवस्था गर्न, त्यस्तो कसूरको अनुसन्धानमा विशेष अनुसन्धान विधि अवलम्बन गर्न सक्ने व्यवस्था गर्न, उजुरीको सम्बन्धमा सरकारका सम्बद्ध निकायबाट अनुसन्धान गर्दा अमिल्दो र अस्वाभाविक सम्पत्ति देखिएको तर मुद्दा चल्ने अवस्था नभएको सम्पत्तिको कर निर्धारण गरी असुल गर्ने व्यवस्था गर्न, बदनियतपूर्वक उजुरी वा अनुसन्धान गर्ने |

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४

# प्रेस विज्ञप्ति

| क्र.सं | ऐनले संशोधन गरेका मूल ऐनहरु | संशोधनका मुख्य विषयहरु |
|---|---|---|
| | | व्यक्तिलाई कारबाही गर्ने सम्बन्धी व्यवस्था गर्न, वास्तविक धनीको विवरण पेश गर्ने तथा त्यसको अभिलेख राख्ने व्यवस्था, गैरनाफामूलक संस्था दर्ता गर्ने तथा त्यस्तो संस्थाको नियमन गर्ने निकायको काम कर्तव्यको व्यवस्था, बैङ्क तथा वित्तीय संस्था, बीमा, क्यासिनो, धितोपत्रको कारोबार गर्ने संस्था लगायतका सूचक संस्थाले परिपालना परीक्षकबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता सम्बन्धी सम्परीक्षण गराई प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था, जोखिम मूल्याङ्कन गरी प्रतिवेदन दिनु पर्ने समेतका व्यवस्था गरिएको। |
| ११ | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० | अनुसन्धान अधिकारीले निश्चित अवधिभन्दा बढी रोक्का राख्न वा नियन्त्रणमा लिनु परेमा अदालतको अनुमति लिनु पर्ने व्यवस्था गरिएको। |
| १२ | पारस्परिक कानूनी सहायता ऐन, २०७० | सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा विदेशी अदालतबाट भएको फैसला कार्यान्वयन पारस्परिकताका आधारमा गर्न सकिने र पारस्परिक कानूनी सहायता आदानप्रदान सम्बन्धी कागजात वा विवरण प्रचलित कानूनको अधीनमा रही गोपनीयता कायम गर्ने तथा पारस्परिक सहायता आदानप्रदान गर्ने विषयमा परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनीतिक नियोग तथा अन्य सरकरी निकायको समेत सहयोग तथा समन्वयमा गर्ने विषय समावेश गरिएको। |
| १३ | सङ्गठित अपराध निवारण ऐन, २०७० | आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान र तहकिकात प्रचलित कानून बमोजिम नेपाल प्रहरीले गर्ने व्यवस्था गर्ने गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐनमा प्रस्ताव गरिएको हुँदा सोही अनुरूप मिलाउन सङ्गठित अपराधको सम्बन्धमा प्रहरी कार्यालय बाहेक अन्य कुनै निकायमा उजुरी परेमा त्यस्तो निकायले भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको उजुरी |

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(................................................ शाखा)
सिंहदरबार, काठमाण्डौ

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

| क्र.सं | ऐनले संशोधन गरेका मूल ऐनहरु | संशोधनका मुख्य विषयहरु |
|---|---|---|
| | | तथा कुनै प्रमाण सङ्कलन गरेको भए सो समेत संलग्न गरी सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरिएको। |
| १४ | विद्युत नियमन आयोग ऐन, २०७४ | विद्युत महसुल निर्धारण गरेको सूचना सो महसुल लागू हुनु अगावै सार्वजनिक रुपमा प्रकाशन गर्ने व्यवस्था गरिएको। |
| १५ | मुलुकी अपराध संहिता, २०७४ | हुण्डी, अभौतिक मुद्रा र आतङ्ककारी कार्य समेतलाई कसूर कायम गरी सजाय हुने व्यवस्था गरिएको। |
| १६ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | अभियोजन गर्न लागिएको कसूर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण सम्बन्धी कानून अन्तर्गतको सम्बद्ध कसूर (प्रेडिकेट अफेन्स) मा पर्ने देखिएमा सो कसूरमा समेत हुने सजाय माग दाबी लिई अभियोजन गर्ने व्यवस्था गरिएको। |
| १७ | सहकारी ऐन, २०७४ | बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्ड पालना गर्नु पर्ने, पचास करोड रुपैयाँभन्दा बढी शेयर पुंजी वा पचास करोड रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा विभागको अनुरोधमा त्यस्ता संस्थाको निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैङ्कले समेत गर्ने व्यवस्था गरिएको। |
| १८ | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | विदेशी लगानीकर्तालाई नेपालको भिसा सहजीकरणको लागि गरिने सिफारिसको सम्बन्धमा रहेको फरक फरक व्यवस्थामा एकरुपता कायम गर्न तथा लगानी बोर्ड सम्बन्धी कानूनमा भएको परिवर्तन बमोजिम मिलाउन आवश्यक व्यवस्था गरिएको। |
| १९ | बीमा ऐन, २०७९ | बीमा व्यवसाय गर्ने बीमकले प्राधिकरणको स्वीकृति लिई नियुक्त गरेको बीमाङ्कीद्वारा आफ्नो आर्थिक स्थिति, सम्पत्ति, दायित्व तथा वित्तीय स्थितिको मूल्याङ्कन गराउनु पर्ने व्यवस्था गरिएको। |

फोन नं.: ०१-४२११८७२, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np